# बर्जु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अमाहिबेल्हा, सुनसरी
कोशी प्रदेश, नेपाल

आ.वं.: २०८२।८३

मितिः २०८२/०५/२४

विषयः शोक विदा सम्बन्धमा ।

हिजो मिति २०८२/०५/२३ गते नेपालको राजधानी काठमाडौं सहित देशभरका विभिन्न स्थानहरुमा "Gen Z" आन्दोलनका क्रममा सुरक्षाकर्मीद्वारा गोली प्रहारका कारण २० जना युवाहरुले शहादत प्राप्त गर्नु भएको र ३५० जना भन्दा बढी युवाहरु घाइते भई विभिन्न अस्पतालहरुमा उपचाररत रहनु भएको दुखद समाचारले बार्जु गाउँपालिका परिवार अत्यन्त मर्माहत भएको छ । यस दु:खद घडीमा शहादत प्राप्त हुनुभएका महान युवाहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं । साथै उपचाररत घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना समेत व्यक्त गर्दछौं ।

यस दु:खद घडीमा युवाहरुप्रति सम्मान स्वरुप आज मिति २०८२/०५/२४ गते मंगलवार १ (एक) दिन बार्जु गाउँपालिका कार्यालय, मातहतका वडा कार्यालयहरु, स्वास्थ्य संस्था, शैक्षिक संस्था, सामुदायिक तथा निजी विद्यालय लगायत सम्पूर्ण संस्थाहरु (अत्यावश्यक सेवा बाहेक) मा शोक विदा दिइने व्यहोरा जानकारी गराइन्छ ।

.............
जिवछ कुमार राय
अध्यक्ष